राष्ट्रिय सहकारी महासंघ लि. नेपालद्धारा आयोजित सहकारीमा सूचनाको हकसम्बन्धी अन्तरक्रियामा सहभागी सहकारीकर्मीहरुका लागि तयार गरिएको विशेष सामाग्री

# “सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनमा सहकारीकर्मीहरुको भूमिका”


प्रस्तुतकर्ता

**कृष्णहरि बाँस्कोटा**

**प्रमुख सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग**


२०६७ बैशाख ३१ गते मंगलवार

सूचनाको अधिकार भनेको सार्बजनिक निकायका गतिबिधिलाई नागरिकले म्याग्निफाईन ग्लासले हेर्ने बिधि हो ।



# संविधान प्रदत्त हक

सूचना माग्ने हक

सूचना पाउने हक

आफ्नो सरोकारको

सार्वजनिक चासोको

जुनसुकै बिषयको सूचना

# लोकतन्त्रको आधारभूत मूल्य र मान्यता

## लोकतन्त्र



- सु–शासन
- पारदर्शिता
- जवाफदेही शासन प्रणाली
- प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता नागरिकको सूचनाको हक
- नागरिक सशक्तिकरण

नागरिकको सूचनाको हक = लोकतन्त्र

# सूचनाको कानूनले नागरिकलाई धाम पानी बाट जोगाउछ ।



# सूचनाको हकसम्बन्धी ऐनको प्रस्तावना

राज्यका काम-कारबाही लोकतान्त्रिक पद्दति अनुरुप हुनुपर्ने

↓

ती निकायका काम-कारबाही खुल्ला र पारदर्शि हुनपर्ने

↓

ती नागरिकप्रति जवाफदेही र जिम्मेवार हुनुपर्ने

↓

आफूसँग रहेको सार्वजनिक महत्वको सूचनामा नागरिकलाई सहज पहुँच दिनुपर्ने


सूचना माग गर्न सकिने सार्वजनिक निकायहरु
संघीय सरकार
प्रादेशिक सरकार
स्थानीय तह
संवैधानिक अंगहरु
सबै प्रकारका सरकारी निकायहरु
राजनैतिक दलहरु
गैर सरकारी संस्थाहरु
सहकारी, निजी क्षेत्र
कानूनद्वारा स्थापित जुनसुकै संस्था

सूचना मागकर्ताले पूरा गर्नु पर्ने शर्तहरु

सूचना अधिकारीसँग लिखित सूचना माग्ने

सूचना मागको प्रयोजन खुलाउनु पर्ने

नेपाली नागरिक हुनु पर्ने

दस्तुर तिर्न सहमत हुनु पर्ने

निवेदनमा सूचनाको हक खुलाउनु पर्ने

# सूचना पाउने समय सीमा

- माग भएको सूचना तत्काल दिनु पर्ने
- जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टा भित्र दिनु पर्ने
- सूचना संकलन गरेर दिनुपर्ने भए अधिकतम् १५ दिनभित्र दिनु पर्ने
- कार्यालय प्रमुख समक्ष उजुरी परेकोमा ७ दिनभित्र दिनु पर्ने

# स्वतः प्रकाशनको व्यवस्था

नागरिकले सूचना माग नगरे पनि सूचना प्रवाह गर्ने विधि

↓

प्रत्येक ३/३ महिनामा स्वतः प्रकाशन गर्ने

↓

स्वतः प्रकाशनमा २० ओटा शीर्षकभित्र सूचना प्रवाह गर्ने

↓

साउन-असोज, कार्तिक-पुस, माघ-चैत, बैशाख-असारको स्वतः प्रकाशन १५ दिनभित्र गर्ने

↓

यस्तो स्वतः प्रकाशन वेवसाईट, सूचना पाटी, फ्लेक्स बोर्ड, होर्डिङ्ग बोर्ड, बुलेटिन लगायतमा प्रकाशित गर्ने


सूचना अधिकारीको व्यवस्था
प्रत्येक निकायमा सूचना अधिकारी तोक्ने
सूचना अधिकारीको नाम, सम्पर्क नम्बर र फोटो सहितको फ्लेक्स बोर्ड सार्वजनिक हुने
कार्यालयले सूचना अधिकारीलाई नियमितरुपमा सूचना उपलब्ध गराउनु पर्ने
सूचना अधिकारीले माग भएको सूचना तत्काल बिना हिचकिचाहट दिने
आवश्यकतानुसार सूचना अधिकारीको संरक्षण राष्ट्रिय सूचना आयोगले गर्ने

- सार्वजनिक निकायको दायित्व
  - नागरिकको सूचनाको हकको सम्मान गर्ने
  - दिन मिल्ने र नमिल्ने सूचना छुट्याएर राख्ने
  - विभिन्न राष्ट्रिय भाषामा सूचना तयार गर्ने
  - सूचना प्रवाहमा आम सञ्चारको प्रयोग गर्ने
  - सूचना प्रवाहमा दक्ष तुल्याउन कर्मचारीलाई तालीम दिने
  - कम्तिमा २० बर्षसम्मका सूचना अद्यावधिक गर्ने
  - अधिकतम् खुलासाको सिद्धान्त अपनाउने

आयोगको आदेश पालनमा अटेरी गर्नेलाई आयोगले दण्ड गर्छ ।



# सजायको व्यवस्था

- रु. २५ हजारसम्म जरिवाना
- दैनिक रु. २००/- जरिवाना
- विभागीय कारबाही
- अटेरी बापत थप रु. १० हजार जरिवाना

# सूचनाको कानूनमा अपवादको सिद्धान्त छ ।



# सूचना प्रवाहमा बाध्य नहुने बिषयहरु

- सार्वभौमसत्तामा खलल पर्ने
- सुरक्षामा असर पर्ने
- अन्तर्राष्ट्रिय सम्बन्धमा खलल पर्ने

- अपराधको अनुसन्धानमा असर पर्ने

- आर्थिक हितमा असर पर्ने
- बौद्धिक हितमा असर पर्ने
- बैकिङ्ग गोपनीयतमा असर पर्ने

- जातिय सदभाव भड्किने बिषय, र व्यक्तिगत गोपनीयताका बिषयहरु

# सूचनाको हक कस्तो हक हो ?

| | |
|---|---|
| यो मौलिक हक हो | संकटकालको सिमित अबधिमा बाहेक कहिल्यै निलम्बन हुँदैन |
| सर्वोच्च अदालत र उच्च अदालतले आदेश गर्न सक्छन् | परमादेश, प्रतिषेध, उत्प्रेषण, बन्दी प्रत्याक्षीकरण, अधिकार पृच्छा |
| संरक्षण, सम्बर्द्धन र प्रचलनमा राष्ट्रिय सूचना आयोग छ | यसर्थ नागरिकका हक मध्येको श्रेष्ठ हक हो |

# जनताले सूचनाको हक मार्फत सुशासनको अनुभूति गर्छन् ।



# सूचनाको प्रबाहबाट जनताको जयजयकार पाईन्छ ।



# सूचनाको हकरुपी जल सिंचनले बिरुवा सर्पिन्छ ।



# सूचना व्यबस्थित हुनै पर्छ ।

अब्यवस्थित सूचना वितरण




ब्यवस्थित सूचना वितरण



# अनेक सूचना : अनेक नागरिकलाई दिनु पर्छ ।



# सूचनाको हक विकृतिका विरुद्धको अभियान हो ।



# लोकतन्त्ररुपी मोटर सूचनाको हकरुपी ईन्धनबाट चल्छ।



# सहकारी क्षेत्रसँग सूचनाको हकको क्षेत्रको अपेक्षा

- सहकारी एउटा अभियान हो । यस्ले आफूले रोडमोडेलको रुपमा काम गरी आम जनतालाई पनि सूचनाको हकको जानकारी दिनेछ ।
- सहकारीले आफ्ना तालीम लगायतका कार्यक्रममा नागरिकको सूचनाको हकलाई एक प्रकारले पाठ्यक्रमकारुपमा अंगिकार गर्नेछ ।
- जनतालाई सूचना दिन र सूचना दिलाउन देशव्यापी अभियान शुरु हुनेछ । यस्तो अभियान स्वयं सहकारी संस्थाले आरम्भ गर्नेछन् ।

# सहकारीको मूल्य मान्यता

- स्वावलम्बन
- स्वउत्तरदायित्व
- लोकतन्त्र
- समानता
- समता
- ऐक्यवद्धता, यी सहकारीका मूल्य हुन् । जो जनताको सूचनाको हक अन्तर्गत जनतामा पुग्नु पर्छ ।

# सहकारीको मूल्य मान्यता

- इमान्
- खुल्लापन
- सामाजिक उत्तरदायित्व
- अर्काको ख्याल, यी सहकारीका नैतिक मूल्य हुन् । जो जनताको पहूचमा हुनुपर्छ ।

# सहकारी : स्वाबलम्बन

- स्वाबलम्बीका दुई गुण हुन्छन् (क) उ आफ्नो भर पर्छ ।
  (ख) उसको आफ्नो भाग गर्छ ।
- अर्काको भर नपरे आफ्नो भर परिन्छ ।
- स्वावलम्बी आत्मनिर्भर हुन्छ । आफ्नै खुट्टामा उभिन्छ ।
- उ आशमा बाच्दैन, प्रयासमा बाँच्दछ ।
- प्रयासमा बाँच्नेले पर्खदैन, थाल्दछ । अनावश्यक शंका गर्दैन, आवश्यक आट गर्छ । देख्नेले के भन्लान भन्दैन, दैख्नेले नि जान्लान भन्दछ ।
- जोहो प्रयासमा बाँच्नेको आधार हो । प्रयत्नशीलले भईपरीको सोच्छ । उसले राख्दछ, जतन गर्दछ, बचत गर्दछ ।

# सहकारी ऐन, २०७४ का प्रमुख व्यवस्थाहरु

- छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकिकृत गर्ने,
- सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एंव समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने,
- कम्तिमा ३० जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा बहुउदेश्यीय सहकारी संस्था गठन गर्न सक्ने,
- एउटा सहकारी संस्थामा एक परिवारका एक जनाका दरले सदस्य हुने ।
- जिल्ला सहकारी, प्रदेश सहकारी, राष्ट्रिय सहकारी संघहरु स्थापना हुने ।

# सहकारी ऐन, २०७४ का प्रमुख व्यवस्थाहरु

- जलविद्युत आयोजना, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, शित भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानीमा जान सकिने ।
- सहकारी बैंकहरु गठन हुने ।
- सहकारी संस्था अविच्छिन्न उत्तराधिकारीवाला एक स्वशासित र संगठीत  संस्था हुने ।
- भाषिक, साहित्यिक, संचार विशेष, कृषि, बन तथा पैदावारको उत्पादन, सञ्चय र प्रशोधन जस्ता व्यवसायिक क्षेत्रमा पनि सहकारीले काम गर्न सक्ने ।

# सहकारी ऐन, २०७४ का प्रमुख व्यवस्थाहरु

- १६ वर्ष उमेर पुगेका नेपाली नागरिकहरु सहकारीको सदस्य हुने ।
- कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन नपाउने ।
- लगातार बार्षिक, साधारण सभामा विना सूचना ३ पटकसम्म अनुपस्थित हुने व्यक्ति सहकारी संस्थाको सदस्यबाट हट्ने ।
- सहकारी संस्थाको (क) प्रारम्भिक साधारण सभा

  (ख) बार्षिक साधारण सभा र

  (ग) विशेष साधारण सभा हुने

# सहकारी ऐन, २०७४ का प्रमुख व्यवस्थाहरु

- सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित सञ्चालक समिति गठन हुने, जसमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने र एक परिवारबाट एक भन्दा बढी व्यक्ति सञ्चालक हुन नसक्ने ।
- सहकारी संस्थाको सञ्चालकले आफ्नो स्वार्थ जोडिएको विषयको निर्णयमा सहभागी हुन नमिल्ने र व्यक्तिगत फाइदा हुने काम संस्थाबाट गराउन नहुने ।
- सहकारी संस्थाको प्रयोजनका लागि बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सकिनेछ ।

# सहकारी ऐन, २०७४ का प्रमुख व्यवस्थाहरु

- सहकारी बैंकले प्रारम्भिक खर्च, अघिल्लो बर्षमा भएको नोक्सानी, पुँजीकोष, जोखिम व्यहोर्ने कोष र जगेडा कोष पूर्ति नगरेसम्म लाभांश घोषणा गर्न वा वितरण गर्न पाउँदैन ।
- सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पुँजीको २०% भन्दा बढी हुने गरी शेयर विक्री गर्न सक्दैन ।
- सहकारी संस्थामा एक जगेडा कोष रहनेछ ।
- सहकारी संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

# सहकारी ऐन, २०७४ का प्रमुख व्यवस्थाहरु

- सहकारी संस्थामा एक सहकारी प्रवर्द्धन कोष रहनेछ ।
- सहकारी संस्थाले आर्थिक वर्ष सम्पन्न भएको ३ महिनाभित्र अनिवार्य रुपमा लेखा परीक्षण गराउनुपर्छ ।
- सहकारी ऐन विपरित काम गर्नेलाई १० वर्षसम्म कैदको सजाय हुनेछ ।
- नेपाल सरकारले विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारीको ज्ञान समावेश गर्नुपर्ने र यस विषयमा विश्वविद्यालय भित्र छुट्टै संकाय रहन सक्नेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित वित्तिय कारोवार गर्ने सहकारी संस्थालाई कर लाग्ने छैन ।

# सहकारी संस्थाले पाउने अनुदान

- बीउपूँजी अनुदान - रु. ७ लाख ५० हजारसम्म ।
- पूजीगत अनुदान - कूल स्थिर पुजीको आवश्यक्ताको ६० प्रतिशतसम्म ।
- सञ्चालन अनुदान - आवश्यक अनुदान रकम ।

# सहकारी संस्थाहरुले आवधिक रुपमा प्रकाशित गर्नुपर्ने विवरण

## क सामान्य विवरण

१. सहकारी संस्थाको नाम, ठेगाना :

२. दर्ता नं र मिति :

३. दर्ता गर्ने कार्यालय :

४. कार्यक्षेत्र :

५. सदस्य संख्या : ............ महिलाः ......... पुरुषः .......

६. संचालक संख्या : ............ महिलाः ......... पुरुषः .......

७. सम्पर्क व्यक्ति र सूचना अधिकारी :

नाम : पदः सम्पर्क नं :

# सहकारी संस्थाहरुले आवधिक रुपमा प्रकाशित गर्नुपर्ने विवरण

**ख. वित्तीय अवस्थाको विवरण** (..............सम्मको)

१. शेयर पूंजी : रु.

२. जगेडा कोष : रु.

३. अन्य कोषहरु : रु.

४. कूल बचत : रु.

५. कूल लगानीमा रहेको ऋण : रु.

(भाखा नाघेको : रु भाखा भित्रको : रु

६. चालु आ.व. मा हालसम्मको

जम्मा आम्दानी : रु जम्मा खर्च : रु

७. चालु आ.व. मा हालसम्मको

सदस्यतर्फी खरिद : रु सदस्यतर्फी बिक्री : रु

# सहकारी संस्थाहरुले आवधिक रुपमा प्रकाशित गर्नुपर्ने विवरण

## ग. सदस्य केद्रियता विवरण

१. विगत ३ वर्षको सदस्य केन्द्रियताको औषत सूचकांक :

आ.व. ..........को .......प्रतिशत

आ.व. ..........को .......प्रतिशत

आ.व. ..........को .......प्रतिशत

# सहकारी संस्थाहरुले आवधिक रुपमा प्रकाशित गर्नुपर्ने विवरण

- **घ. वित्तीय विश्लेषणको अवस्था (...........सम्मको)**

(बचत तथा ऋणको कारोवारका लागि)

| सि.नं | विश्लेषणको क्षेत्र | मानक | संस्थाको अबस्था |
|---|---|---|---|
| १. | १२ महिनाभन्दा बढी भाखा नाघेको ऋण रकमको लागि गरिएको सुरक्षण कोषको व्यवस्था (P1) | १०० प्रतिशत | ........... |
| २. | १२ महिनाभन्दा कम भाखा नाघेको ऋण रकमको लागि गरिएको सुरक्षण कोषको व्यवस्था (P2) | ३५ प्रतिशत | ........... |

# सहकारी संस्थाहरुले आवधिक रुपमा प्रकाशित गर्नुपर्ने विवरण

- **घ. वित्तीय विश्लेषणको अवस्था (...........सम्मको)**

(बचत तथा ऋणको कारोवारका लागि)

| सि.नं विश्लेषणको क्षेत्र | मानक | संस्थाको अवस्था |
|---|---|---|
| ३. कूल सम्पत्तिको अनुपातमा खूद ऋण लगानी (E1) | ७० देखि ८० प्रतिशत | ........... |
| ४. कूल सम्पत्तिको तुलनामा कूल बचत (E5) | ७० देखि ८० प्रतिशत | ........... |
| ५. कूल सम्पत्तिको तुलनामा खूद संस्थागत पूंजी (E9) | १० प्रतिशत | .............. |

# सहकारी संस्थाहरुले आवधिक रुपमा प्रकाशित गर्नुपर्ने विवरण

- **<u>घ. वित्तीय विश्लेषणको अवस्था (...........सम्मको)</u>**

(बचत तथा ऋणको कारोवारका लागि)

| सि.नं विश्लेषणको क्षेत्र | मानक | संस्थाको अवस्था |
|---|---|---|
| ६. कूल ऋण लगानीको अनुपातमा भाखा नाघेको ऋण (A1) | ५ प्रतिशत | .................. |
| ७. कूल सम्पत्तिको तुलनामा आर्जन नगर्ने सम्पत्ति (A2) | ५ प्रतिशत | ................ |
| ८. कूल बचत रकमको तुलनामा तरलता मौज्दात (L1) | १६ प्रतिशत | ................. |

# सहकारी संस्थाहरुले आवधिक रुपमा प्रकाशित गर्नुपर्ने विवरण

- **घ. वित्तीय विश्लेषणको अवस्था (...........सम्मको)**

(बचत तथा ऋणको कारोवारका लागि)

| सि.नं विश्लेषणको क्षेत्र | मानक | संस्थाको अवस्था |
|---|---|---|
| ९. व्याज दर | | |
| क. बचतमा | सन्दर्भ व्याजदर.... | ........... |
| ख. ऋणमा | सन्दर्भ व्याजदर.... | ............ |
| १०. सेवा शुल्क | रजिष्ट्रारले तोकेको | ............. |

# सूचनाको हकसम्बन्धी कानून बमोजिम ३।३ महिनामा स्वत: प्रकाशन गर्ने २० बूदा

- सार्वजनिक निकायले आफ्ना निकायसँग सम्बन्धित निम्न सूचना प्रत्येक तीन/तीन महिनामा सार्वजनिक गर्नुपर्ने कानून व्यवस्था छ :

  १) निकायको स्वरुप र प्रकृति

  २) निकायको काम, कर्तव्य र अधिकार

  ३) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

# सूचनाको हकसम्बन्धी कानून बमोजिम ३।३ महिनामा स्वत: प्रकाशन गर्ने २० बूदा

४) निकायबाट प्रदान गरिने सेवा

५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७) निर्णय गर्ने प्रक्रिया र अधिकारी

८) निर्णयउपर उजुरी सुन्ने अधिकारी

९) सम्पादन गरेको कामको विवरण

१०) सूचना अधिकारी र प्रमुखको नाम एवं पद

११) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२) आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण

१३) तोकिए बमोजिमका अन्य विवरण

# सूचनाको हकसम्बन्धी कानून बमोजिम ३।३ महिनामा स्वतः प्रकाशन गर्ने २० बूदा

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

१५ सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण

१६. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको  भए सोको विवरण

# सूचनाको हकसम्बन्धी कानून बमोजिम ३।३ महिनामा स्वतः प्रकाशन गर्ने २० बूदा

## संशोधित नियमावली अनुसार

१७. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायतता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

१८. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

१९. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

२०. सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ।

# सहकारी संस्थाको बार्षिक साधारण सभामा सार्वजनिक गर्ने गरेका बिषयहरु

- सम्पूर्ण प्रगति बिबरण ।
- संस्था स्थापना भएदेखिको इतिहास र प्रगतिका कथाहरु ।
- संस्थाले गरेका सबै प्रकारका सामाजिक कार्यहरु ।
- संस्थाले गरेका बिभिन्न स्कीम, कार्यक्रम, आय आर्जन लगायतका कामहरु ।
- सहकारी संस्थाको नालीबेली समेटिएको अध्यक्षको प्रतिबेदन ।

# सहकारी संस्थाको बार्षिक साधारण सभामा सार्बजनिक गर्ने गरेका बिषयहरु

- कोषाध्यक्षको आय व्ययको बिबरण ।
- लेखा परीक्षकको प्रतिबेदन ।
- फोटोहरु ।
- अन्य कुराहरु , लगभग कुनै पनि सहकारीका कुनैपनि कुरा गोप्य हुदैनन् बरु सबै कुरा खुल्ला नै हुने गरेका छन् ।
- यसर्थ नागरिकको सूचनाको हकको प्रचलनमा सहकारी क्षेत्र नै मुलुककै उत्कृष्ट क्षेत्र हुनु पर्छ । यो विषय प्रमाणित गर्न सफलता मिलोस् सबै सहकारीकर्मीमा हार्दिक बधाई सहित शुभकामना छ ।

# संबिधानको अनुसूची ८ अनुसार स्थानीय सरकारसंग सहकार्य गर्ने क्षेत्रहरु

- सहकारी संस्थाको दर्ता, नवीकरण, सञ्चालन, नियमनको जिम्मेवारी स्थानीय तहमा छ ।
- सहकारीका सुपथ मूल्य पसल खोल्नुपर्छ ।
- पालिकाभित्रको माग र आपूर्तिको व्यवस्थापन गर्ने जिम्मेवारी लिनुपर्छ ।
- सहकारी खेती र सामूहिक खेती गर्नुपर्छ ।
- नागरिकमा बचत गर्ने बानीको विकास गराउनु पर्छ ।
- उन्नत जातका वीउ बिजन बिकी गर्ने, अर्ग्यानिक खेती गर्ने, प्रांगारिक मलको उत्पादन र प्रयोग बढाउने, जैविक बिषाद उत्पादन र उपयोग गर्ने, सिँचाई सुविधा व्यवस्थापन गर्नेकाम गर्नुपर्छ ।
- कृषि उत्पादनको बजार व्यवस्थापन, ग्रेडिङ्ग, प्याकेजिङ्ग, स्टोर व्यवस्थापन, कोल्ड स्टोर, प्रोसेसिङ्ग, ब्राण्डिङ्ग गर्ने काम गर्नुपर्छ ।

# मुलुकलाई पांच कुरामा आत्मनिर्भर तुल्याउने

१. खाद्यान्न

२. हरियो तरकारी

३. फलफूल

४. माछा-मासु

५. दुग्धजन्य पदार्थमा आत्मनिर्भर हुने कार्यक्रम संचालन गर्ने ।

**क्रमशः**

# सबै पालिकामा अत्याबश्यक बस्तुको सूची सार्बजनिक गराउने

जनताको दैनिक जीवनमा अत्यावश्यक पर्ने :

१. नून

२. दुध

३. पेट्रोलियम पदार्थ

४. औषधि जस्ता वस्तुहरु सूचीकृत गरी

- सहकारीबाट तोकिएको मूल्यमा,
- सहकारीबाट तोकिएको गुणस्तरमा प्राप्त हुने प्रत्याभूति गर्ने ।

क्रमश:

# यूवालाई सहकारीद्धारा व्यबसायिक तालिम दिने

- कपाल काट्ने सैलुन ।
- ब्यूटी पार्लर ।
- सिकर्मी ।
- डकर्मी ।
- प्लम्बर ।
- इलेक्ट्रीसियन ।
- कृषि उत्पादनको प्याकेजिङ्ग, ग्रेडिङ्ग र प्रशोधन ।
- हस्तकलाका सामाग्री निर्माण ।
- खाडसारी उद्योग स्थापना ।
- जडिबुटीको अक्सन हाउस ।
- वडापिच्छे सुपथ मूल्यको सहकारी पसल स्थापना ।

# यूवालाई सहकारीद्धारा व्यबसायिक तालिम दिने

- साईकल र मोटरसाईकल मर्मत ।
- मोवाईल, रेडियो, घडी मर्मत ।
- फोटोकपीको सेवा ।
- फोटो खिच्ने पसल ।
- ड्राईक्लिन शप ।
- पत्रिका पसल सञ्चालन ।
- तरकारी संकलन र बिक्री केन्द्र ।
- खाद्यान्नको होम डेलिभरी ।
- गाउँ, नगर र टोलको सफाई कार्यक्रम संचालन

# यूवालाई सहकारीद्धारा व्यबसायिक तालिम दिने

- सिलाइबुनाइ ।
- घरेलु हस्तकला वा काष्टकला ।
- स्टिल फिक्सर, वेल्डिङ्, पेन्टिङ् ।
- कडाइ(बुटिक) ।
- कम्प्युटर तालिम ।
- खरायो पालन ।
- कुखुरा पालन ।
- बाख्रापालन ।
- गाई भैंसी पालन ।
- बंगुरपालन ।

# यूवालाई सहकारीद्धारा व्यबसायिक तालिम दिने

- अष्ट्रिजपालन ।
- बेमौसमी तथा उन्नत तरकारी खेती ।
- च्याउ खेती ।
- फलफूल खेती ।
- माछ्ापालन ।
- मौरी पालन ।
- जडिबुटी प्रशोधन ।

# यूवालाई सहकारीद्धारा व्यबसायिक तालिम दिने

- होटल मेनेजमेन्ट, होमस्टे, कुक तालीम ।
- ट्रेकिङ् गाइड, प्यारारग्लाइडिङ्, रोपग्लाइडिङ् तालीम ।
- रिसोर्ट सञ्चालन,मोटेल संचालन र शाहसिक खेल ।
- ड्राइभिङ् र लाइफगार्ड तालीम
- स्वास्थ्य सेवातर्फः प्याथलोजी, एक्सरे, एमआरआई, अल्टासाउण्ड, व्लड बैक.........
- .............

## पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- जाम, जेली, मार्मलेट, केचप, सस र स्क्वायस उद्योग संचालन →रु. तिन लाख मात्र ।
- अदुवाको सुठो, पाउडर, क्याण्डी उद्योग संचालन →रु.दुई लाख मात्र ।

क्रमशः

## पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- **अचार उद्योग संचालन → रु. पाँच लाख मात्र ।**

- आँपको अचार
- काउलको अचार
- करेलाको अचार
- लसुनको अचार
- निमबुको अचार
- अमलाको अचार
- लप्सीको अचार
- खुर्सानीको अचार

क्रमशः

## पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- **अचार उद्योग संचालन** → **रु. पाँच लाख मात्र ।**

- मेथीको अचार
- मिक्स अचार
- मसलाको अचार
- घ्यूकुमारीको अचार
- गुलियो अचार
- माछा मासुको अचार
- कटहरको अचार
- तिलको अचार
- (अचारका सबै उत्पादन संचालन गर्न कुल पूँजी करिब रु. पाँच लाख सम्म लाग्नसक्छ ।कुनै एक मात्र उत्पादन संचालन गर्न करिब रु. पचास हजार सम्म लाग्नसक्छ ।)

क्रमशः

## पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- **पाउँ उद्योग संचालन →रु. पाँच लाख मात्र ।**
- बेची पाउँ
- चटपट पाउँ
- लप्सी पाउँ
- चिनी पाँउ
- झोल पाउँ
- गुलियो पाउँ
- खटटु पाउँ
- (पाँउका सबै उत्पादन संचालन गर्न कुल पूँजी करिब रु. पाँच लाख सम्म लाग्नसक्छ ।कुनै एक मात्र उत्पादन संचालन गर्न करिब रु. चालिस हजार सम्म लाग्नसक्छ ।)

क्रमशः

## पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- दालमोठ, भुजिया, फुरनदाना, आलुचिप्स, बदाम भटमास फुराउने र भुजा उद्योग संचालन

→रु. सात लाख मात्र ।

- चटपटे उद्योग संचालन

→रु. पचास हजार मात्र ।

- **बेकरी उद्योग संचालन →रु.दश लाख मात्र ।**
- प्याटीज (patties)
- ड्राई केक
- साधारण केक
- पाईनापल अपसाईड डाउन केक

कमशः

# पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- **बेकरी उद्योग संचालन** **→रु.दश लाख मात्र ।**
- फ्रुट केक
- क्यारोट केक
- वर्थ डे केक
- कुकिज
- कोकोनट कुकिज
- शर्ट ब्रेड बिस्कुट
- डोनट
- चकलेट ब्राउनी
- जिन्जर स्न्याप्स
- पाउरोटी
- बन
- (बेकरीका सबै उत्पादन संचालन गर्न कुल पूँजी करिब रु. दश लाख सम्म लाग्नसक्छ ।कुनै एक मात्र उत्पादन संचालन गर्न करिब रु. एक लाख सम्म लाग्नसक्छ ।)

**क्रमशः**

## पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- ललीपप (कन्फेक्सनरी), चकलेट (कन्फेक्सनरी)उद्योग संचालन →रु. चार लाख मात्र ।
- गुँदपाक, पुष्टकारी, तितैरा, पनिर र खुवा उद्योग संचालन

→रु. एघार लाख मात्र ।

- रसवरी, लालमोहन, जेरी, बुनिया, पुरी तरकारी र पानीपुरी उद्योग संचालन
- →रु. एघार लाख मात्र ।

क्रमशः

## पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- **आईसक्रिम उद्योग संचालन →रु. पन्ध्र लाख मात्र ।**
- आँपको आईसक्रिम
- भेनेला आईसक्रिम
- स्ट्राभरी आईसक्रिम
- चोकोवार आईसक्रिम
- कुल्फि आईसक्रिम
- बटर स्कच आईसक्रिम
- चकलेट आईसक्रिम
- (आईसक्रिमका सबै उत्पादन संचालन गर्न कुल पूँजी करिब रु. पन्ध्र लाख सम्म लाग्नसक्छ ।कुनै एक मात्र उत्पादन संचालन गर्न करिब रु. एकलाख पच्चिस हजार सम्म लाग्नसक्छ ।)

क्रमशः

## पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- सिस्ने धुलो (Nettle powder), गुन्द्रुक, मस्योरा, पापड, तोफु, चाउमिन उद्योग संचालन

→रु.सातलाख मात्र ।

- **साबुन र सरफ (Detergent) उद्योग संचालन**

**→रु. १२ लाख मात्र ।**

- लुगाधुने साबुन
- भाडा माझ्ने साबुन
- झोल साबुन
- हयान्ड वास
- डिटर्जेन्ट पाउडर (सरफ)
- (साबुन र सरफका सबै उत्पादन संचालन गर्न कुल पूँजी करिब रु. १२ लाख सम्म लाग्नसक्छ ।कुनै एक मात्र उत्पादन संचालन गर्न करिब रु. २ लाख ५० हजार सम्म लाग्नसक्छ ।)

क्रमशः

## पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- फिनायल (कालो सेतो) , टवाईलेट किल्नर, क्लिनिङ् पाउडर उद्योग संचालन

→रु.८लाख ५०हजार मात्र ।

- मैनबत्ती उद्योग संचालन

→रु. तिन लाख मात्र ।

- ब्रिकेट बनाउने उद्योग संचालन

→रु. २ लाख ५० हजार मात्र ।

- अल्लो प्रसोधन तथा तयारी सामान उद्योग संचालन

→ रु. १२ लाख मात्र ।

क्रमशः

# पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- केतुकी र केराको प्रसोधनबाट रेशा उत्पादन तथा बिभिन्न सामानतयारगर्ने

→रु. १५ लाख मात्र ।

- बाँसजन्य सामग्री उत्पादनउद्योग संचालन

→रु. ५लाख मात्र ।

- ढाका बुनाई उद्योग संचालन

→रु. सात लाख मात्र ।

- उनी राडी पाखी बुनाई उद्योग संचालन

→रु. ४ लाख मात्र ।

- कुच्चो उत्पादन उद्योग संचालन

→रु. १लाख ५० हजार मात्र ।

- सिलाई कटाई उद्योग संचालन

→रु. १लाख ५० हजार मात्र ।

क्रमशः

# पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- फ्रेब्रिक प्रिन्ट उद्योग संचालन

→रु. २ लाख मात्र ।

- मैरी पालन तथा मह प्रशोधन उद्योग संचालन

→रु. चार लाख मात्र ।

- माटोको भाँडो बनाउने उद्योग संचालन

→रु. तिन लाख मात्र ।

- मोटर साईकल मर्मत उद्योग संचालन

→रु. २ लाख मात्र ।

- अगरबत्ती उद्योग संचालन

→रु. १ लाख मात्र ।

- काष्ठ हस्तकला उद्योग संचालन

→रु. तिन लाख मात्र ।

क्रमशः

# पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- टिका बिन्दीया बनाउने उद्योग संचालन

→रु. १ लाख २५ हजार मात्र ।

- सुकुल बुनाई उद्योग संचालन

→रु. ८० हजार मात्र ।

- हाउस वायरिङ्ग

→रु. ९० हजार मात्र ।

- प्लम्बिङ्ग / स्यानेटरी

→रु.९०हजार मात्र ।

- मोबाईल मर्मत

→रु.३ लाख मात्र ।

- छवाली हस्तकला / ढकी बुनाई उद्योग संचालन

→रु. ५ लाख मात्र ।

क्रमशः

# पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- धातुजन्य (खुकुरी, करुवा, गाग्री, थाल आदी) उद्योग संचालन

→रु. १५लाख मात्र ।

- गलैचा बुनाई उद्योग संचालन

→रु. १२ लाख मात्र ।

- जुट आदी को झोला बुनाई उद्योग संचालन

→रु. ५लाख मात्र ।

- पुरुष कपाल कटाई

→रु. ३ लाख मात्र ।

- ब्यूटिपार्लर

→रु.३ लाख पचास हजार ।

क्रमशः

## पालिकासंग मिलेर विउपूजी दिने संभावित स्कीमहरु

- फलफूल प्रशोधन उद्योग संचालन

→रु. ५लाख मात्र ।

- तरकारी प्रशोधन

→रु. २लाख ५० हजार मात्र ।

- होजियारी बुनाई उद्योग संचालन

→रु. २ लाख ५० हजार मात्र ।

- मिथिला आर्ट

→रु. ५ लाख मात्र ।

क्रमशः

## नागरिकलाई उत्प्रेरित गर्दै उनीहरुमा आशा र भरोसा जगाउने

- यसरी, प्रत्येक स्थानीय तहसंग मिलेर श्रृजनशील भएर काम गर्नुपर्छ ।
- यसबाट जनतामा आशा र भरोसा बढेर जान्छ ।
- सहकारीलाई पनि सन्तोष हुन्छ ।
- तिमी आट म पुर्‍याउछु भन्ने नेपाली लोकोक्ती अनुसार,
- यस्ता श्रृजनशील कामको माध्यमद्धारा,
- सबै स्थानीय तहलाई सघाउदा जनताबाट वाह वाह आर्जन गर्न सकिन्छ,
- यो गरेमा संभव हुने कुरा हो,
- यसर्थ सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

अन्त्यमा सहकारीकर्मीहरुलाई

# आदर्श जीवनका शन्देशहरु

कृष्णहरि बाँस्कोटा
९८४१३५०२८०

# कृपया गर्नुस् : स्वतः जानिन्छ ।

पढेको कुरा बिर्सिन्छ
देखेको कुरा संझिन्छ
गरेको कुरा जानिन्छ
गर्दैं गरे बानीपर्छ।

# मानिसको प्रकार

जो उ आफू जान्दैन र जान्दिन भन्ने पनि जान्दैन
उ मुर्ख हो, त्यसलाई छुट्याउ ।

जो उ आफू जान्दैन, तर जान्दिन भन्ने जान्दछ
उ साधारण हो, त्यसलाई सिकाउ ।

जो उ आफू जान्दछ तर जान्दछु भन्ने जान्दैन
उ सुषुप्त हो, त्यसलाई ब्युझाउ ।

जो उ आफू जान्दछ र जान्दछु भन्ने जान्दछ
उ ज्ञानी हो, त्यसलाई पछ्याउ ।

# मानिसको आदर्श

- मानिस सधैंभरी गर्न नहुने काम गर्नबाट डराओस् ।
- गर्नुपर्ने काम नगरिएलाकी भनी सावधान रहोस् ।
- नसा चढ्ने किसिमले कुनै पदार्थको सेवन नगरोस् ।
- विद्या, धन र कुलको घमण्ड नगरोस् ।

# जीवनको सन्देश

- कर्ममा तिम्रो अधिकार छ, फलमा छैन ।
- क्रोध नै तिम्रो शत्रु हो । अर्थात् आफ्नो मित्र र शत्रु दुबै तिमी आफै हौ ।
- अज्ञानतालाई नष्टगर्ने उपाय ज्ञान हासिल गर्नु हो ।

# राम्ररी सोचौं

- बिरालो कालो होस् वा सेतो होस्, मुसा मार्नुपर्छ ।

- खुट्टा अनुसार जुत्ता बनाउने हो । जुत्ता अनुसार खुट्टा काट्न सकिन्न ।

- गल्ती त्यसैले गर्दैन, जसले कहिले केही गरेको छैन ।

# मनन् गरौँ

- बाटो बताउने धेरै हुन्छन् तर सहि बाटो बताउने थोरै हुन्छन् । यसैगरी शुभयात्रा भन्नेहरु धेरै हुन्छन्, तर सँगै हिड्ने कम हुन्छन् । याद गरौँ, लडेका बखत हात दिएर उठाइदिने त एक दुई जना मात्रै हुन्छन् ।

- मानिस आउँदाको पहिचान लुगाबाट हुन्छ, जादाँको पहिचान क्षमताबाट हुन्छ ।

# बिचार गरौँ

- हेर्दा एउटै देखिन्छ सलाईको काटी, एउटाले दियो जलाएर अन्धकारमा उज्यालो दिन्छ, अर्को काटीले बनमा डढेलो लगाएर सखाप पार्छ ।
- बीउ राम्रो कि नराम्रो भनी थाहा पाउन फल हेर्नुपर्छ । मानिस राम्रो कि नराम्रो भनी थाहा पाउन उसको कार्यशैली हेर्नुपर्छ ।

# कृपया, कम बोल्ने की ?

• तिम्रा दुई आँखा छन् , दुईपटक हेर । दुइवटा कान छन्, दुईपटक सुन । एउटा मुख छ, एकपटक बोल ।

• कारण, मौन रहनु एउटा ठूलो हतियार प्रयोग गर्नु हो ।

• यो कुरा बुझ, बोल्न बुद्धि भए पुग्छ, मौन रहन बुद्धि र विवेक चाहिन्छ ।

# केही कटूसत्य कुरा

- आगो जस्ले पोल्दैन भने त्यसलाई के आगो भन्ने ।
- पानी जस्ले भिजाउदैन भने त्यसलाई के पानी भन्ने ।
- सहकारीकर्मी जो मुलुक र जनताको लागि काम गर्दैन भने त्यसलाई सहकारीकर्मी भन्ने ।

# असल मानिसका गुणहरु

- **असल मानिसको गुण : बिनम्रता**

उपकारी गुणी व्यक्ति निहुरिन्छ निरन्तर
फलले भरिएको हागों नझुकेको कहां छ र ?

- **असल मानिसको गुण : घमण्ड नगर**

लोकमा हुदैन कसैको एकैनाश समुन्नति,
अरुको के कुरा हेर सँध्यामा सूर्यको गति ।

- **असल मानिसको गुण : शान्त रहने :**

खहरे गडगटाहट सहित बग्छ,
नदी सुसाउदै बग्छ,
समुन्द्र शान्त हुन्छ ।

# जीवन र नेतृत्व

- अध्यारोले अध्यारो धपाउन सक्दैन, प्रकाशले सक्छ। घृणले घृणा धपाउन सक्दैन, प्रेमले सक्छ।

- तपाईका कामले अरुलाई अधिक सपना देख्न, अधिक सिक्न, अधिक गर्न र अधिक बन्न प्रेरित गर्छ भने तपाई नेता हो

# परिबर्तन के हो र कस्ले गर्छ

- सधैं गरिरहने चिज गर्न नछोडेसम्म प्रगति सम्भब हुदैन ।

- तपाई त्यो काम गर्नुहुन्छ, जो सधैं गरिरहनुभएको छ भने तपाईले त्यही पाउनुहुनेछ, जो सधैं पाईरहनुभएको छ ।

- संसारका सबैभन्दा सुखी मान्छ ती होईनन्, जस्ले धेरै पाएका छन् । ती हुन्, जस्ले धेरै दिएका छन् ।

# केही कटूसत्य कुरा

- मानिसले के के गरिसक्यो कहा ंपुगी सक्यो, ब्रमाण्ड नै पिईसक्यो तनतनि, हाम्रा बाहुन नानी अझैपनि दंग छन छामी जनै टुपी कन्दनी ।

# मान्छेको पहिचान

- मूर्खले आफूलाई बुध्दिमान ठान्छ। तर, बुध्दिमानलाई आफू कति मूर्ख छु भन्ने थाहा हुन्छ।
- महत्वाकांछा नभएको बुध्दिमान मान्छे पखेटाविनाको चराजस्तै हुन्छ।
- सबैजना विश्वलाई बदल्नेबारे सोच्छन्, तर आफैलाई बदल्नेबारे भने कसैलेपनि सोच्दैनन्।

# फेरी भेटौंला , बाई , नमस्कार ।

कृष्णहरि बास्कोटा, ९८४१३५०२८०,khbaskota1@gmail.com

